प.सं. च.नं./Ref: ०७९/८० रा.६ ९६०

(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)

मिति:२०७९/६/५

विषय:-निर्णय बमोजिम गर्नु गराउनु हुन।

श्री प्रदेश निर्वाचन कार्यालय (सबै),
श्री जिल्ला निर्वाचन कार्यालय (सबै)।

प्रस्तुत विषयमा आयोगको मिति २०७९/५/३१ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

देहाय

(१) संवत् २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण बुझाउनु पर्ने दायित्व भएका उम्मेदवारहरुमध्ये सो बमोजिम निर्वाचन खर्चको विवरण नबुझाउने १,१४,९५८ जना उम्मेदवारहरुलाई र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने ८,६६६ जना समेत गरी कूल जम्मा १,२३,६२४ जना उम्मेदवारहरुलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय र निर्वाचन आयोगमा पेश गर्न आदेश दिने भनी आयोगबाट मिति २०७९/४/३१ मा निर्णय भई मिति २०७९/५/१ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरी स्पष्टीकरण सोधिएकोमा तोकिएको समयमा निर्वाचन खर्चको विवरण पेश नगर्ने १५,७४३ जना र कानूनले तोकेको समय व्यतित भएपछि निर्वाचन खर्चको विवरण बुझाउने १,१५१ जना गरी कूल जम्मा १६,८९४ जना उम्मेदवारले आफ्नो सफाई सहितको स्पष्टीकरण पेश गरेकोमा सो स्पष्टीकरण व्यहोरामा कानूनको जानकारी नभएको, कार्यव्यस्तताले नभ्याएको, जिल्ला बाहिर रहनु परेको, निर्वाचन हारे पछि निर्वाचन खर्च पेश गर्नु पर्छ भन्ने थाहा नभएको, विविध कारणले पेश गर्न नसकेको, विरामी परेको लगायतका विषयहरु उल्लेख भएको देखीएकोमा निजहरुले पेश गरेको उक्त स्पष्टीकरणको व्यहोरा विश्वासयोग्य, चित्तबुझ्दो र सन्तोषजनक नदेखिएकोले निजहरुको हकमा निर्वाचन खर्चको विवरण तोकेको समयमा पेश नगरी आफ्नो सफाइ सहितको स्पष्टीकरण पेश नगर्ने

९९,२१५ जना र कानूनले तोकेको समय व्यतित भएपछि निर्वाचन खर्चको विवरण पेश गरेकोमा सो सम्बन्धमा आफ्नो सफाइ सहितको स्पष्टीकरण पेश नगर्ने ७,५१५ जना समेत गरी कूल जम्मा १,०६,७३० जना सहित संलग्न सूची बमोजिमका १,२३,६२४ जना उम्मेदवारहरुले स्थानीय तह निर्वाचन निर्देशिका २०७८ को दफा ३५ को उपदफा (६) सँग सम्बन्धित अनुसूची १३ को स्वघोषणाको क्रम संख्या १ को खण्ड (त) मा भएको निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता पुर्णरुपमा पालन गर्ने र सोहीको खण्ड (थ) मा भएको निर्वाचन आयोगले तोकिदिएको निर्वाचन खर्चको सिमा भित्र रही खर्च गर्न र खर्च सम्बन्धी आचरण पालना गर्न प्रतिबद्व रहेको भनी उम्मेदवारी मनोनयन गर्दा गरेको स्वघोषणाको परिपालना गरेको नदेखीएको साथै निर्वाचन आचारसंहिता, २०७८ को दफा १५ को खण्ड (ज) मा रहेको आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम आयोगले तोकेको ढाँचामा निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने भन्ने प्रावधानको समेत उल्लङ्घन गरेको देखिएकोले यसैसाथ संलग्न सूची बमोजिमका उम्मेदवारहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ बमोजिम आयोगले निर्धारण गरेको खर्चको हद अनुसार हुने गरी सोही ऐनको दफा २६ को उपदफा (१) बमोजिम देहाय अनुसारको रकम जरिवाना हुने ठहर्छ।

(क) महानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु ७,५०,०००।-(सात लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

(ख) महानगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु ३,००,०००।-(तीन लाख) रुपैयाका दरले जरिवाना गर्ने,

(ग) उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु ५,५०,०००।-(पाच लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

(घ) उपमहानगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु २,५०,०००।-(दुइ लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

(ङ) नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु ४,५०,०००।-(चार लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

(च) नगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु २,००,०००।-(दुइ लाख) रुपैयाका दरले जरिवाना गर्ने,

(छ) गाउँपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु ३,५०,०००।-(तीन लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

(ज) गाउँपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु १,५०,०००।-(एक लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

(२) माथि प्रकरण नं. १ मा उल्लेख भए बमोजिमका उम्मेदवारहरुलाई लागेको जरिवाना वापतको रकम निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (३) बमोजिम ६ (छ) महिना भित्र निर्वाचन आयोगको कार्यालय

कोड नं. २१२००३५०१, राजश्व शिर्षक नं. १४३१२ मा दाखिला गरी दाखिला भएको भौचर सहितको निवेदन प्रदेश र जिल्ला निर्वाचन कार्यालय वा आयोगमा पेश गर्न निर्देशन दिने,

(३) प्रकरण नं. १. र २. बमोजिम भएको निर्णय सम्बन्धी सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(४) निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (३) बमोजिम प्रकरण नं. (२) मा तोकिएको समयावाधिभित्र आफुलाई लागेको जरिवाना वापतको रकम नबुझाउने उम्मेदवारलाई आज निर्णय भएको मितिबाटै लागु हुने गरी ६ (छ) वर्ष सम्म कुनै पनि निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउने र जरिवाना वापतको रकम निजहरुबाट दाखिला नभएमा सो रकम असुल उपर गर्ने प्रयोजनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम जरिवाना वापतको रकम सरकारी बाँकी सरह असुल उपर गर्न जरिवाना भएका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण तयार गरी केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउने,

(५) प्रकरण नं. १ बमोजिम जरिवाना भएका १,२३,६२४ जना उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको Website मा प्रकाशन गर्न र सोको विद्युतीय प्रति जिल्लागत रुपमा अलग अलग छुटयाई ७७ वटै जिल्लाको निर्वाचन कार्यालयमा यथाशिघ्र पठाउन सूचना प्रविधि शाखालाई निर्देशन दिने,

(६) प्रकरण नं. ५ बमोजिम सूचना प्रविधि शाखाले पठाइएको नाम नामेशी सहितको विवरण सम्बन्धित निर्वाचन कार्यालयले आफ्नो कार्यालयको Website मा राखी नाम नामेशी सहितको विवरण आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सोको मुचुल्का खडा गर्ने र उक्त उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण, सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयमा समेत पठाइ तत् तत् कार्यालयमा सबैले देख्ने गरी सो नाम नामेशी विवरण प्रकाशन गर्न, सोको रितपुर्वकको मुचुल्का निर्वाचन कार्यालयमा पठाइ दिन र जरिवाना भएको रकम असुल उपर गराउनेतर्फ आवश्यक सहयोग पुर्याइ दिनु हुन भनी सम्बन्धित कार्यालयलाई पत्राचार गर्न प्रदेश र जिल्ला निर्वाचन अधिकारीहरुलाई निर्देशन दिने,

(७) प्रकरण नं. १ मा उल्लेख भएको सूची बमोजिमका उम्मेदवारहरुको विवरण आयोगको एकीकृत निर्वाचन सूचना व्यवस्थापन प्रणाली (IEIMS) मा प्रविष्ट गर्न र लागेको जरिवाना रकम राजश्व दाखिला नगरे सम्म त्यस्ता उम्मेदवारहरुले कुनै पनि निर्वाचनमा राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारको रुपमा उम्मेदवारी दिएमा त्यस्तो उम्मेदवारको उम्मेदवारी सो प्रणालीले स्वीकार नगर्ने प्रणालीको व्यवस्था गर्न सूचना प्रविधि शाखालाई निर्देशन दिने,

(८) प्रस्तुत निर्णयको आधारमा थप हुन जाने प्रशासनिक, प्राविधिक र व्यवस्थापकीय कार्यचापलाई दृष्टिगत गरी कार्यप्रणालीलाई सहज बनाउनका निमित्त आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था गरी जिम्मेवारी तोकी समयमा नै कार्य सम्पन्न गर्नका लागि आयोगको सचिवालयलाई निर्देशन दिने।

२०७९।६।१५

..............

(गुरु प्रसाद वाग्ले)

उपन्यायाधिवक्ता